# स्थानीय राजपत्र
## पूर्वखोला गाउँपालिकाले प्रकाशित

**खण्ड : ५** **संख्या : ११** **मितिः २०७८/०४/२०**

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पूर्वखोला गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०७८ सालको कार्यविधि नं.-११**

**पूर्वखोला गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८**

**प्रस्तावना :**

साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरूको समायोजन, तह मिलान र वढुवा जस्ता वृत्ति विकासका विषयमा देखिएको अस्पष्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरूको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरूको मनोवल उच्च गराउन कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम पूर्वखोला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम : पूर्वखोला गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८ हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) कर्मचारी भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको बखतसम्म पूर्वखोला गाउँपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) समायोजन ऐन भन्नाले संघिय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) गाउँसभा भन्नाले पूर्वखोला गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(घ) कार्यपालिका भन्नाले पूर्वखोला गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पूर्वखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) स्थानीय तह भन्नाले पूर्वखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) न्युनतम शैक्षिक योग्यता भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) कर्मचारी व्यवस्थापन भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा स्वत समायोजन र साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा समायोजनका बखतमा तह बृद्धि नभएका स्थायी कर्मचारीहरूलाई दफा ४ बमोजिम हुने तह वृद्धि र ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

**(३) संगठन संरचना तथा कर्मचारी दरबन्दी :**

(१) यस ऐन बमोजिम हुने स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरूको हकमा संगठन तथा संरचनामा रहेको पद र तहमा सोही बमोजिम र नभएको हकमा संगठन संरचना अध्ययन भै गाउँसभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

**(४) समायोजन तह बृद्धि मिलान सम्वन्धी व्यवस्था :**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरूलाई समायोजन भएको मितिबाट जेष्ठता गणना हुने गरी एक

पटकका लागि मात्र देहाय बमोजिम समायोजन तह बृद्धि र मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह बृद्धि र मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व गाउँपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मुल्याङकन समेतका आधारमा सेवा समुहसँग मिल्दो पदमा तह मिलान वा स्तर वृद्धि गरिनेछ ।

(३) दफा १ बमोजिमको स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङकनमा न्यूनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) यो ऐन जारी भएको मितिसम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तह वृद्धि र मिलान वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| **सि. नं.** | **साविकको तह हाल समायोजन** | **तह बृद्धि र मिलान हुने तह** | **थप ग्रेड आवश्यक न्युनतम शैक्षिक योग्यता** |
|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन-२ | |
| २ | सहायक चौंथो | सहायक पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.वा सो सरह |
| ३ | सहायक पाँचौं | अधिकृत छैठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह |

| सि. नं. | साविकको तह हाल समायोजन | तह बृद्धि र मिलान हुने तह | थप ग्रेड आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| ४ | अधिकृत छैठौं | | अधिकृत सातौं मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |
| ५ | अधिकृत सातौं | अधिकृत आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण |

द्रष्टव्य : प्राविधिक तर्फ तह बृद्धि हुने कर्मचारीको हकमा सम्वन्धित तहको प्राविधिक विषय उत्तीर्ण गरेको हुने पर्नेछ र शैक्षिक योग्यता तथा सेवा अवधि नपुगेका कर्मचारीको हकमा २ ग्रेड थप गरिने छ ।

**(५) समायोजन, तह बृद्धि र मिलान पत्र दिने :**

(१) यस ऐन बमोजिम समायोजन तह बृद्धि र मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरूलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह बृद्धि र मिलान भएको पत्र ७ दिन भित्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

**(६) तह बृद्धि र मिलान गरिने :**

यस ऐन बमोजिम समायोजन तह बृद्धि र मिलान भए पश्चात गाउँपालिकाले संगठन संरचना र दरवन्दी बमोजिम पदस्थापन गर्ने, पद र तह नभएकाको हकमा दरबन्दी पुनरावलोकन गरी गाउँसभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधिसम्म तह मिलान

भएका कर्मचारीहरूलाई स्वत पुल दरवन्दीमा कायम गरिनेछ। यसरी तह मिलान भइ रिक्त हुने तल्लो पदमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पद मिलान नहुदासम्म त्यसरी रिक्त हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपुर्ति गरिने छैन।

**(७) समायोजन तह बृद्धि र मिलान भएका कर्मचारीहरूको सेवा सुविधाः**

यस ऐन बमोजिम समायोजन तह बृद्धि र मिलान भएका स्थानीय तहका कर्मचारीहरूको तलव तथा अन्य सुविधा कानुन बमोजिम हुनेछ। तह बृद्धि र मिलान गर्दा साविकमा खाई पाई आएको तलब र हालको तहमा मिलान हुदाको तलब वराबर भएमा एक ग्रेड थप गरिने छ।

**(८) थप ग्रेड सुविधा :**

साविक स्थानीय निकायको एउटै पद र तहमा कम्तिमा दश वर्ष वा सो भन्दा बढि अवधिसम्म कार्यरत रहेको कर्मचारीको हकमा एक तह वृद्धी र दुई ग्रेड थप गरिनेछ।

**(९) जेष्ठता गणना :**

(१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता यस गाउँपालिकामा समायोजन भएको मितिदेखि गणना गरिनेछ।

**(१०) खारेजी र वचाउ :**

यो ऐन संविधान, संघिय कानुन र प्रदेश कानूनसँग बाँझिएमा वाँझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची-१

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

पत्र सख्या :

चलानी नं.

मिति...................

**विषय : समायोजन तह मिलान गरिएको ।**

श्री ............................................

पूर्वखोला गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ मिति ................ गतेको निर्णयानुसार मिति ................ गतेदेखि जेष्ठता कायम हुने गरी तपाईंलाई यस पूर्वखोला गाउँपालिकाको देहायको पद तथा तहमा समायोजन तह मिलान र तह बृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । समायोजन र तह बृद्धि मिलान हुनु भएकोमा बधाइ छ ।

**देहाय :**

| हाल कार्यरत पदको विवरण | समायोजन तह मिलान भएको पदको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |

...............................

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल ।
श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, पूर्वखोला गाउँपालिका ।

प्रमाणित मिति : २०७८/०४/१५

आज्ञाले
**ज्ञानु प्रसाद पनेरु**
प्रमुख प्रशासकिय अधिकृत